# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश नेपाल

पत्र सं: ०८२/०८३
च. नं. १६८०

मिति २०८३/०१/१४

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा।**

श्री जो जससँग सम्बन्धित छ।

स्याङ्जा जिल्ला, वालिङ नगरपालिका, वडा नं. ११ स्थित, श्री टापुभञ्ज्याङ राष्ट्रिय माध्यमिक विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह, तृतीय श्रेणी, गणित विषय शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाईदिनु हुन भनी विद्यालयको च. नं. ४९, मिति २०८३/०१/०९ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूचि १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्च:**

१. तोकिएको म्यादभित्र विद्यालयको ईमेल ठेगाना tapubhanjyang2019@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ। सम्पर्क नं. ९८५६०३२२४३
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, स्याङ्जा।
श्री टापुभञ्ज्याङ राष्ट्रिय माध्यमिक विद्यालय, वालिङ ११ स्याङ्जा।
श्री सूचना प्रविधि शाखा वालिङ नगरपालिका- सूचना website मा प्रविष्ट गरिदिनुहुन्।